वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ७० २०८३ असार १८ गते विहीबार, नेपाल सम्वत् ११४६ July 02, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदैं आएको 'भञ्ज्याङ'

भञ्ज्याङ bhanjyangnews.com

निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी

सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत

"विश्वसनीय समाचार, तपाईको अधिकार"

हामीलाई यहाँ फलो गर्नुहोस्

बेबसाइट www.bhanjyangnews.com

फेसबुक पेज facebook.com/bhanjyangdaily

एक्स (ट्विटर) x.com/@bhanjyangdaily

युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9

टिकटक tiktok.com/@bhanjyang.daily.n

हामीलाई LIKE, FOLLOW गर्दैं गर्नुहोसा !

हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.

दमौली, तनहुँ । फोन : ०६५-५६३९०७

Email : bhanjyangdml@gmail.com

विश्वसनीय र निष्पक्ष | खोजमुलक पत्रकारिता | विचार र विश्लेषण | सूचना र सन्देश प्रवाह



## कलेस्ती बजार

तनहुँको व्यास नगरपालिका-७ स्थित मादी नदी किनारमा अवस्थित कलेस्ती बजार । तनहुँको निर्वाचन रणनीतिक सडक मादी-मर्स्याङ्दी कोरिडोर, व्यास नगरपालिकाको लाइफलाइन परासर मार्गसँगै व्यास मार्ग जोडिएको यस ठाउँमा केही वर्षयता बस्ती बढ्दै गइरहेको छ ।

*तस्विर : भञ्ज्याङ*

# चुमभ्यालीमा १० वर्षदेखि हराइरहेका 'बन्दिपुर'

**प्रतीक्षा आले**/गोरखा

छेकम गाउँमा गहुँ, फापर, आलु भित्र्याउने चटारोदेखि घर बनाउने, काठ बोक्न वा ढुङ्गा फुटाउन गाउँलेहरूले सम्झने एउटै नाम हो, 'बन्दिपुर' । 'ओइ बन्दी, बन्दे, बन्दिपुर', केटाकेटीदेखि बूढाबूढीसम्म सबैको प्रिय नाम हो 'बन्दिपुर' । कोही कसैले बन्दिपुर भन्ने मेसो नपाएर, 'ओइ कान्तिपुर' पनि भन्ने गर्छन् ।

"मेरो त नामै बन्दिपुर भइसक्यो, कहिलेकहीँ म आफैं पनि आफ्नो वास्तविक नाम भुल्छु । कसैले के हो भनेर सोध्दा, म बन्दिपुर भन्न जान्छु", विगत १० वर्षदेखि चुमभ्यालीमा हराइरहेका सुमन थापामगरले भन्नुभयो । घर तनहुँ जिल्लाको बन्दीपुर गाउँपालिकाको जालभञ्ज्याङ बताउने उहाँ १४-१५ वर्षदेखि गोरखाको हिमालपारिको गाउँमा गुमनाम हुनुहुन्छ । केही वर्षदेखि चुमनुब्री गाउँपालिका-७ को छेकम गाउँमा बस्दै आउनुभएका उहाँ चुमभ्यालीमा प्रवेश गरेको भने १० वर्ष भयो । त्यसअघि उहाँ चुमनुब्री-३ फिलिम गाउँमा करिब पाँच वर्ष बस्नुभएको थियो ।

**कमाउन निस्केको बाटो**

छयालीस वर्षका सुमन थापा २०६८-६९ ताका गोरखाको आरूघाट बजारमा ज्यामी काम गर्न आएका थिए । "एकजना तुफान भन्ने ठेकेदारको काम गर्न आको, सोतीमा दिनगन्ती १३८ दिन काम गरियो", १५ वर्षअघिको विगत सम्झँदै सुमनले भन्नुभयो, "काम सकेपछि ठेकेदारले पैसै नदिई बिचल्ली बनाएर भाग्यो, त्यसपछि भाग्य बिग्रेको अहिलेसम्म बिचल्लीमै छु ।"

सोतीमा काम सकेर बन्दिपुर फर्कने योजना थियो सुमनको । त्यो योजना आजसम्म पनि पूरा हुनसकेको छैन । पन्ध्र वर्षदेखि पारिश्रमिक उठाउन नसकेका कारण उहाँ भोटखोलामै फस्नुभएको छ। "रित्तो हात कसरी मुख देखाउन घर जाने?", उहाँ सोध्नुहुन्छ ।

उहाँ सोतीमा काम गरेको पैसा



नपाएपछि त्यहाँबाट तीन दिन पैदल हिँडेर फिलिममा काम गर्न पुग्नुभएको हो । विसं २०७२ को गोरखा भूकम्पअघि उहाँ त्यहाँ स्वास्थ्यचौकी बनाउने काम गर्नुहुन्थ्यो । फिलिमबाट पनि उहाँ बन्दीपुर फर्कन पाउनुभएन किनभने उहाँले त्यहाँ पनि श्रम गरेको ज्याला प्राप्त भएन ।

सुमन जोङगाउँका नाम्याल दोर्जे भन्ने मान्छेसँग काम गर्न फिलिम आउनुभएको थियो । "सोतीमा पैसा नपाएपछि सिर्दिबास आएँ । यहाँ पनि उत्तम भट्ट भन्ने ठेकेदारसँग काम गरेको पैसा पाइनँ। नाम्याल दोर्जेले पनि काम लगाएमात्र पैसा दिएनन्", सुमनले भन्नुभयो । काम गरेको ज्याला नपाएपछि घर जान नपाएका सुमन ठेकेदारहरूका कारण पटकपटक बिचल्लीमा परिरहे। ज्याला नपाएको तोडमा झन् उँभो, झन् उँभो सर्दै चुमभ्यालीमा फस्न पुग्नुभयो ।

**उकालो चढ्दै जाँदा हराएको घर फर्किने बाटो**

जीवनले कहिलेकाहीँ मानिसलाई बाटो रोज्न दिँदैन । एउटा अधुरो हिसाब उठाउन खोज्दा सुमन अर्को अधुरो हिसाबमा फस्दै जानुभयो । उहाँ पैसा खोज्दै उकालो लाग्नुभयो तर उकालो चढ्दै जाँदा घर फर्किने बाटो भने झन् ओझेल पर्दै गयो । सुमन पैसा खोज्दै हिँडेको मान्छेभन्दा पनि पैसा नपाउने चक्रमा फसेको मान्छेचाहिँ हुँदै जानुभयो ।

नाम्याल दोर्जे नामक ठेकेदारले सुमनलाई फिलिममा काम गरेको पैसा 'सोतीमा दिन्छु' भनी सोतीमा लगेर ५०० रूपैयाँमात्र दिएर छाड्यो। सुमन सोतीमा पुनः दोस्रोपटक बिच्चलीमा परे । पाँच सय रूपैयाँले बन्दीपुर जान सम्भव नभएपछि उहाँ फिलिम नै फर्किनुभयो। त्यसलगत्तै २०७२ को भूकम्प गयो । भूकम्पपछि उहाँले फिलिममा छिरिङ पासाङ नाम गरेका अर्का ठेकेदारसँग काम गर्नुभयो । पासाङले पनि उहाँलाई पारिश्रमिक दिएनन् । बरू काम गरेको पैसा काठमाडौं गएर दिन्छु भनेर उहाँलाई चुमभ्यालीको छेकम्पार ल्याइपुर्‍याए ।

"काठमाडौं भनेर यता ल्यायो, न त काम गरेको पैसा नै पाएँ । त्यत्रो काम गरेको यहाँ (छेकम्पार) ल्याएर जम्मा तीन हजार दिएर छाड्यो", लामो श्वास फेर्दै सुमनले भन्नुभयो, "बिरानो गाउँमा बिना पैसा गुजारा गर्न सकिन्थेन, त्यसैँले यहाँ गाउँमा जे काम पाउँछ त्यही गर्न थालेँ । जसोतसो खान त पुग्यो तर सबैले पैसामा मारे । काम भने मरून्जेल लाउने तर पैसा नदिने चलन रैछ ठेकदारको। पैसा पाएपछि घर जाउँला भनेर बसेँ । पन्ध्र वर्ष भयो, न त पैसा आयो, न त घर नै जान पाएँ ।"

सुमनले सोती र फिलिममा गरेर करिब पाँच वर्ष ज्यामी मजदुरीको काम गर्नुभयो। पारिश्रमिक पाउनुभएन। छेकम गाउँमा विगत १० वर्षदेखि अधिकांशको घरमा उहाँ ज्याला मजदुरी गर्न बस्नुभएको छ। कसैकोमा २८ महिना, कसैकोमा ३० महिना त कसैकोमा वर्ष दिन तर त्यहाँ पनि उही पारिश्रमिक नपाउने व्यथा । सबैले भातको भरमा मात्र काम लगाउँछन् उहाँलाई । "अब यहाँ दे मेरो पैसा भनेर ठूलो स्वर गर्न पाइँदैन, बोल्यो कि मोर्‍यो', भाँचिएको हात देखाउँदै उहाँले भन्नुभयो, "काम गरेन, पैसा माग्यो भने यस्तो पो हुन्छ।" अहिले सुमनको हात भाँचिएको

*बाँकी तेश्रो पेजमा*

# गौरवका आयोजना निर्माणमा ढिलाइ

**भञ्ज्याङ समाचारदाता**/गण्डकी

आठ वर्षअघि गण्डकी प्रदेश सरकारले प्रदेश गौरवका आयोजनाका रूपमा कास्कीको पुँडीटार र नवलपुरको लोकाहाखोलामा औद्योगिक क्षेत्र निर्माण गर्ने घोषणा गरेको थियो । बर्सेनि प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेटमा यी दुई आयोजना प्राथमिकताका साथ समेटिन्छन् । तर, औद्योगिक क्षेत्रका लागि जग्गा प्राप्तिको प्रक्रिया भने अझै टुङ्गिन सकेको छैन ।

गत वर्ष स्वीकृत गरिएको औद्योगिक क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) प्रतिवेदनलाई परिमार्जन गर्नुपरेका कारण आयोजना निर्माणमा थप ढिलाइ हुने देखिएको छ । प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयको उद्योग-वाणिज्य महाशाखाका प्रमुख महराज ढकालले 'इआइए' अन्तर्गत वातावरणीय व्यवस्थापन योजना परिमार्जन गर्न लागिएको बताउनुभयो ।

आयोजना निर्माणस्थलमा कटान गर्नुपर्ने रूखको गणना गर्दा प्रतिवेदनले औँल्याएभन्दा विपरीत रूखको संख्या घटबढ भएको पाइएपछि पुनः अध्ययन गरी रूखको संख्या यकिन गर्न लागिएको हो । "तीन वर्षअघि एआइए गर्दाको समयमा भन्दा अहिले गणना गर्दा कटान गनुपर्ने रूखको संख्या कतै कम त कतै बढी रहेको पाइयो", महाशाखा प्रमुख ढकालले भन्नुभयो, "पहिले गणना गरिएका पुराना रूख ढल्दा र नयाँ बिरूवा हुर्केका कारण रूखको संख्या घटबढ भएको हो ।"

दुवै जिल्लाका डिभिजन वन कार्यालयसँगको समन्वयमा औद्योगिक क्षेत्र निर्माणस्थलमा काट्नुपर्ने रूखको गणना गरिएको थियो । वातावरणीय व्यवस्थापन योजना परिमार्जनका लागि परामर्शदाता छनौट गरेर काम अगाडि बढाइने भएको छ । यसअघि परामर्शदाता कम्पनी गौमुखीले 'इआइए'को जिम्मा पाएको थियो ।

प्रदेशको वन तथा वातावरण मन्त्रालयले कटान गर्नुपर्ने रूखको वास्तविक संख्या यकिन गरेर पठाउन उद्योग तथा पर्यटन मन्त्रालयलाई पत्राचार गरेको महाशाखा प्रमुख ढकालले बताउनुभयो । "वातावरणीय व्यवस्थापन योजना परिमार्जन भएपछि जग्गाको भोगाधिकार लिने प्रक्रिया अगाडि बढ्छ, जग्गा प्राप्तिको प्रक्रिया लम्बिँदा औद्योगिक क्षेत्र निर्माणमा ढिलाइ भएको हो", उहाँले भन्नुभयो ।

प्रस्तावित दुवै औद्योगिक क्षेत्रको जग्गा सामुदायिक वन क्षेत्रभित्र पर्छ । औद्योगिक क्षेत्र निर्माण गर्दा काट्नु पर्ने रूखको गणनासहित क्षेत्रफल यकिन गरेर संघको वन तथा वातावरण मन्त्रालयमा प्रतिवेदन पठाइने महाशाखाले जनाएको छ । सो मन्त्रालयबाट प्रस्ताव स्वीकृत भएपछि संघीय मन्त्रिपरिषद्बाट जग्गा भोगाधिकार दिने निर्णय हुनेछ। त्यसपछि बल्ल औद्योगिक क्षेत्र निर्माणको काम सुरू हुने जनाइएको छ ।

जग्गा प्राप्तिका लागि प्रदेश

*बाँकी तेश्रो पेजमा*

# सम्पादकीय ............

www.bhanjyangnews.com

## वातावरण संरक्षण

वातावरणीय दृष्टिले अहिले नेपाल पनि उच्च जोखिममा पर्न थालेको छ । हिमाल, पहाड, तराई सबै क्षेत्र वातवारणीय हिसावले जोखिमयुक्त बन्दै गएका छन् । वातावरण संरक्षणका लागि सरसफाईका साथै वृक्षारोपणसंगै संरक्षणको पाटोलाई व्यवस्थित बनाउन खाँचो छ । वातावरण संरक्षणका लागि भन्दै अधिकांश ठाउँमा वृक्षारोपण गरिन्छ । विरुवा लगाउँदै गरेका तस्विरले सामाजिक सञ्जाल भरिन्छन्। तर, अर्को दिनबाट आफैंले लगाएका बोटविरुवाको संरक्षण भएको छ वा छैन भन्नेबारे कोही कसैले सोचेको देखिदैन । वृक्षारोपण हामीले अघिल्ला वर्षहरूमा पनि गर्दै आएका थियौ तर, ती विरुवा के कस्तो अवस्थामा छन भन्ने हेक्का हामीले राख्नु पर्दछ । वातावरण संरक्षणको नारा जप्दै हामीले गर्ने वृक्षारोपणले कत्तिको सार्थक्ता पाएको छ ? अब यस तर्फ पनि सोच्नुपर्ने समय आएको छ ।

नेपालमा प्रत्येक वर्ष यस्तै दिवस पारेर वृक्षारोपण गरिन्छ । तर, संरक्षण छैन। विशेष गरी असार र साउन महिना भरि निकै तामभामका साथ वृक्षारोपण गर्दै पनि आएका छौ । यो बिगतका वर्षहरूदेखिनै चल्दै आएको छ । वातावरणलाई देखिने वस्तुभन्दा नदेखिने रासायनिक वस्तुले बढी असर पारिरहेको अवस्था छ। कृषि उत्पादनमा पछिल्लो समय अत्याधिक रसायनिक पदार्थ प्रयोग गर्दा क्षणिक उत्पादन बढेको जस्तो देखिए पनि दीर्घकालीन असर पारिरहेको तर्फ हामीले सोच्न सकेका छैनौ । एकातिर हामी वातावरण संरक्षणका नाममा वर्षैपिच्छे वृक्षारोपण पनि गर्दै आएका छौ । अर्को तर्फ हाम्रा दैनिक क्रियाकलाप र हामीले अवलम्बन गरेको कृषि कर्मले कतै वातावरणमा नकरात्मक असर त पारिरहेको छैन । हामीले जैविक वस्तुको प्रयोग भन्दा रासायनीक मल तथा आयतित वस्तुको प्रयोग बढि गर्दा हाम्रो वातावरणमा कस्तो असर पारेको छ ? यस तर्फ अब सरोकारवाला निकायले गम्भिर भएर सोच्नुपर्ने बेला आएको छ ।

वातावरणमा देखिने समस्याभन्दा नदेखिने समस्या झन् बढेर गएको छ । रासायनिक वस्तुले वातावरणलाई झन् दूषित बनाउँदै लगिरहेको छ । कृषकले पनि लहैलहैमा विषादी प्रयोग गरिरहेका छन । तर, यो उनीहरूको गल्ती होइन, प्रयोग गर्न लगाउने र सिकाउनेको गल्ती हो भन्ने विषयमा सचेत बन्नै पर्छ । पछिल्लो समय जलवायु परिवर्तनका कारण नेपाल उच्च जोखिममा परेको छ । वातावरणीय असरले गर्दा हाइ अल्टिट्युडका मुलुकहरू उच्च जोखिममा छन् । त्यसैमध्ये नेपाल पनि एक हो । नेपालका हिमनदी, ताल फुट्दैछन् । बेमौसमी बाढी पहिरो, प्रकोपको समस्या बढिरहेको छ । विकासका नाममा कुवा, चौतारा, ऐतिहासिक रुख विरुवा मास्दै गएका छौं । हामीमा सधैं अरुकै मुख ताकेर बस्ने बानिको विकास भएको छ । मैले गरेर के हुन्छ भनेर बस्छौं । अबको समय भनेको मैले नगरेर हुँदैन भनि अग्रसर हुने बेला आएको छ । यदि हामी सबै यस तर्फ समयमै सचेत बन्न सकेनौ भने भोली हामीले ठूलो क्षति व्यहोर्नुपर्ने अवस्था नआउला भन्न सकिदैन । वातावरण जोगाउने प्रत्येक नागरिकको अधिकारमात्रै होइन कर्तव्य पनि हो । नेपालजस्तो विकासोन्मुख देशमा विकास र वातावरण कसलाई महत्व दिने भन्नेबारे सधैं बहसको विषय बन्नुपर्ने देखिन्छ । विकासको नाममा जहाँ मन लाग्यो त्यहीं डोजर, स्काभेटर चलाउने प्रवृत्तीमा अब अंकुश लगाउनुपर्छ । स्थानीय सरकार यस विषयमा सचेत बन्नुपर्छ । वार्षिक नीति, कार्यक्रम तथा बजेटमा वातावरणको मुद्दा जोड्न सक्नुपर्दछ ।

हामीलाई विकास पनि चाहिएको छ, वातावरण पनि जोगाउनु छ । विकास गर्दा वातावरणमा कम असर पर्ने गरी योजना अगाडि बढाउनुपर्छ । मानव अधिकार र वातावरण संरक्षण एकअर्काका परिपूरक भएकाले वातावरण संरक्षण पनि हाम्रो मुख्य दायित्व र कर्तव्य बन्नुपर्छ । वातावरणको अधिकार पनि मानवको नैसर्गिक अधिकार हो । स्वच्छ हावा र वातावरणमा बस्न पाउने अधिकार प्रत्याभूत हुनुपर्छ। हामीले 'डोजरे विकास'लाई महत्व दिँदा प्राकृतिक प्रकोपहरू देखिन थालेका छन्। प्रकृतिको अत्याधिक र अवैज्ञानिक दोहनले प्रकोपहरू बढिरहेका छन् । जबसम्म जनताको जीवनशैलीसँग वातावरण संरक्षणको मुद्दा पुन्याउन सकिदैन तबसम्म यो मुद्दाले सार्थकता पाउन सक्ने अवस्था पनि देखिदैन । जनतको नजिकको सरकार र जिम्मेवार निकाय स्थानीय सरकार भएको हुँदा वातावरण संरक्षणको मुद्दामा स्थानीय सरकारनै जिम्मेवार बन्नुपर्दछ । कसैको मुख ताकेर वातावरणको संरक्षण हुन्न भन्ने सत्यप्रति हामी जानकार हुनैपर्छ । हाम्रो आउँदो पुस्तालाई स्वच्छ वातावरण सहितको हाम्रो भुगोल हस्तान्तरण गर्ने जिम्मेवारीतर्फ सबै सचेत बन्नुको विकल्प छैन ।

# प्रजातन्त्रमा नागरिक शिक्षाको आवश्यकता

संसारमा धेरैजसो देशहरू प्रजातान्त्रिक शासन प्रणालीका छन् र केही देशहरू प्रजातन्त्रबाहेकका शासन प्रणालीमा छन्। ती देशहरूमा या त एकदलीय शासन छ या त सैनिक शासन छ या त निरंकुश राजतन्त्र छ। सबै देशहरू आजभोलि आफ्नो शासन प्रणालीलाई जनताका पक्षमा रहेको दाबी गर्दछन् र त्यो नै स्वतन्त्र राज्यको विशेषता हो लोकतान्त्रिक शासन प्रणालीलाई नै नमुना र आदर्श शासन प्रणाली हो भन्छन् । यसले के स्पष्ट पार्छ भने लोकतान्त्रिक शासन प्रणालीको आवश्यकता र स्वीकारोक्ति सबैलाई छ । तर आफ्ना आफ्ना स्वार्थका लागि शासकहरूले अप्रजातान्त्रिक व्यवस्था थोपर्छन् र भन्छन् यो नै व्यवस्था प्रजातान्त्रिक हो ।

भिन्न-भिन्न राजनीतिक व्यवस्था भएका देशहरूमा नागरिक शिक्षाको अर्थ र क्षेत्र पनि फरक-फरक हुनसक्छ। खुला राजनीति र प्रजातान्त्रिक व्यवस्था भएका देशहरूमा जुन-जुन जानकारीहरूलाई नागरिक शिक्षाको आवश्यक तत्व मानिन्छ, ती तत्वहरू निरंकुश शासन प्रणालीमा बर्जित गरिएको हुनसक्छ। बहुलवादी समाज र बहुदलीय व्यवस्था भएको देशमा प्रजातन्त्रका आवश्यक तत्वहरू, राजनीतिक दलहरूको अधिकार, काम कर्तव्य र विधिको शासन नागरिक शिक्षाको अङ्ग हुनसक्छ भने निरंकुश वा एकदलीय वा निर्दलीय शासन प्रणाली भएका देशहरूमा त्यस्तो शिक्षामाथि प्रतिबन्ध लागेको हुनसक्छ । प्रजातन्त्र वा लोकतन्त्र भएका देशमा नागरिक शिक्षाले स्वशासन, सुशासन र नागरिकले आधारभूत तर जान्नै पर्ने कुराहरू भनेर बुभिन्छ। नागरिकहरूले आफ्नो पहिचान थाहा पाउने र आफ्नै शासनका लागि सक्रिय रूपमा भाग लिन दिइने शिक्षा भएकाले नै नागरिक शिक्षा नाम दिइएको हो ।

दिएको हुन्छ । समाजमा अपाङ्गता भएका व्यक्तिहरू हुन्छन्, ज्येष्ठ नागरिकहरू हुन्छन्, अशक्त व्यक्तिहरू हुन्छन्, तिनीहरूसँग गर्ने व्यवहार सभ्य र सहयोगी हुनुपर्छ । आफूभन्दा सानालाई माया गर्ने र सहयोग गर्ने बानी हुनुपर्छ । नागरिकमा आफूभन्दा मान्य, आफूसरहका र आफूभन्दा साना व्यक्तिहरू पनि हुन्छन्। सबैलाई श्रद्धाभाव राख्ने र माया गर्ने बानी बसाउनुपर्छ । देशमा भएको शासन व्यवस्थाको बारेमा जान्नुपर्छ। कुनै पनि नागरिकले मलाई प्रचलित कानुन थाहा छैन भन्न पाइँदैन । राज्यको संविधान, प्रचलित कानुन, नियम थाहा हुनुपर्छ । आफ्नो अधिकारको बारेमा पनि सचेत हुनुपर्छ । देशको राष्ट्रियताप्रति सम्मान गर्ने र देशको सुरक्षामा सदैव चनाखो हुनुपर्छ । त्यसैले एउटा असल नागरिक हुन नागरिकले थाहा पाउनु जरुरी छ-नागरिक शिक्षा किन आवश्यक छ?, नागरिकका लागि प्रजातन्त्र र मानव अधिकार किन आवश्यक छ र ती किन एकअर्काका लागि अभिन्न अङ्गहरू हुन्?, राज्यद्वारा, समाजमा र परिवारमा, विद्यालयमा, क्याम्पस वा विश्वविद्यालयहरूमा सामाजिक न्याय कसरी प्राप्त हुन्छ ? कस्तो सामाजिक न्यायको अभ्यास गरिएको छ? भन्ने प्रश्नहरूको जवाफ पाउन सकिन्छ।

**नागरिक शिक्षाको महत्व**

हरेक नयाँ पुस्ता नयाँ नागरिक भएकाले उनीहरूलाई उनीहरूको व्यक्तिगत र सार्वजनिक आवश्यकताका बारेमा जानकारी दिनु आवश्यक छ। व्यक्तिगत तथा सार्वजनिक जीवनका आवश्यक गुणहरूको सिकाइ निरन्तर प्रक्रिया हो । प्रजातन्त्र खुला तथा स्वतन्त्र समाजको परिणाम भएकाले यस्तो समाजको प्रभावकारितामा नै लोकतन्त्रका आदर्शहरू सफल हुनेछन्। यसका लागि प्रत्येक नागरिकमा लोकतन्त्रका आधारभूत मूल्य र मान्यताहरूप्रति स्पष्ट प्रतिबद्धता आवश्यक पर्दछ । त्यसैले हरेक नागरिकमा प्रजातन्त्रका आदर्शका वारेमा आधारभूत ज्ञान आवश्यक हुनै पर्दछ। प्रजातन्त्र शासन पद्धतिमात्र होइन, त्यो त एउटा सहनशील संस्कृति र विधिको शासन पनि हो भन्ने कुरामा जोड दिने शिक्षाको आवश्यकता पर्दछ। प्रजातान्त्रिक चेतना नभएको खुला र स्वतन्त्र समाज अराजक भीड हुनजान्छ ।

विभिन्न जाति, भाषा, धर्म र संस्कृति भएको बहुलवादी समाजमा नागरिक शिक्षाको झन बढी महत्व हुन्छ । नागरिक शिक्षाको अभावमा विभिन्न जात, वर्ग र समूहको बीचमा असहिष्णुताको वातावरण सिर्जना हुनसक्छ र जातिगत, धर्मगत र भाषागत विवादले सामाजिक विवाद र

**नागरिक शिक्षाले घरपरिवारमा गर्नुपर्ने कर्तव्य, समाजमा बहन गर्नुपर्ने दायित्व, सडकमा या यात्रामा गर्नुपर्ने कर्तव्य, बजारमा जाँदा पसलमा, पैसाको कारोबार गर्न बैंकमा जाँदा बैंकमा वा एटिएयम बुथमा पालना गर्नुपर्ने कर्तव्य, विद्यालय तथा क्याम्पसमा पूरा गर्नुपर्ने कर्तव्य, एकजना नागरिकले अन्य समाजका सदस्यहरूसंग गर्नुपर्ने व्यवहारको ज्ञान दिएको हुन्छ ।**



♦ हरिविनोद अधिकारी

प्रजातान्त्रिक बहुलवादी समाजमा प्रत्येक नागरिक सक्रिय सदस्यको रूपमा हुन्छ। प्रजातान्त्रिक समाजमा प्रत्येक नागरिक आफ्नो अधिकार र कर्तव्यमा सजग हुनुपर्छ। त्यस्तो सजगता सदस्यको सक्रिय सहभागिताले मात्र सम्भव छ। नागरिकको सक्रिय सहभागिताले मात्र नागरिकमा समालोचनात्मक चेत पलाएको हुन्छ। नागरिक शिक्षा भनेको नागरिकलाई दिइने त्यस्तो शिक्षा हो जसले नागरिकलाई असल बन्न सघाउँछ। यसले हरेक नागरिकलाई आपसमा मिलेर बस्न सिकाउँछ, हामी सबैलाई एउटै समाजका सदस्यहरू हौं भनेर सिकाउँछ र विश्व नै एउटा परिवार हो भन्ने शिक्षा प्रदान गर्दछ । हाम्रो पूर्वीय मान्यतामा सम्पूर्ण पृथ्वीलाई नै एउटै परिवार हो भनिन्छ- वसुधैव कुटुम्बकम् । राज्य र समाजका प्रत्येक कार्यमा नागरिकको सक्रिय सहभागिताको चेतना दिन्छ। हाम्रो प्रत्येक दायित्व बहनमा आफ्नो व्यक्तिगत स्वार्थ झल्किनुहुँदैन । सबैको हितमा बढी ध्यान दिनुपर्छ भन्ने शिक्षा नागरिक शिक्षाले दिनुपर्छ।

नागरिक शिक्षाले घरपरिवारमा गर्नुपर्ने कर्तव्य, समाजमा बहन गर्नुपर्ने दायित्व, सडकमा या यात्रामा गर्नुपर्ने कर्तव्य, बजारमा जाँदा पसलमा, पैसाको कारोबार गर्न बैंकमा जाँदा बैंकमा वा एटिएयम बुथमा पालना गर्नुपर्ने कर्तव्य, विद्यालय तथा क्याम्पसमा पूरा गर्नुपर्ने कर्तव्य, एकजना नागरिकले अन्य समाजका सदस्यहरूसँग गर्नुपर्ने व्यवहारको ज्ञान

त्यस्तै कानुनी राज्यको सम्मान कसरी हुनसक्छ? विधिको शासनमा कसरी कानुनको पालना गरिन्छ?, राज्य र सरकार कसरी सञ्चालन भइरहेका छन्?, मुलुकको इतिहास, भूगोल र राजनीतिक विकासक्रम कस्तो रह्यो? अहिले कुन अवस्थामा छ ?, विश्व परिवेशमा आफ्नो अवस्था कस्तो छ?, देशको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था कस्तो छ? भन्नेलगायतका प्रश्नहरूका बारेमा पनि नागरिक शिक्षाबाट जानकारी पाउन सकिन्छ ।

**नागरिकको पहिलो पाठशाला घरपरिवार**

कुनै पनि नागरिकको सामाजिक चालचलन र जीवनका लागि आवश्यक सीप भनेर सिकाइने नागरिक शिक्षाको पहिलो पाठशाला घर परिवार हो। त्यही समानता, सद्भाव र मिलेर बस्ने शिक्षाको प्रारम्भ हुन्छ, त्यसैले जीवनको पहिलो गुरु आमालाई मानिन्छ। त्यसपछि सामाजिक व्यवहारका बारेमा किनभने समाज जीवनको अर्को पाठशाला हो ।यसलाई विद्यालय भनेर औपचारिक मान्यता दिएका छौं, त्यो विद्यालय आफैं जीवनको पहिलो औपचारिक पाठशाला हो जसले समाजमा के गर्नुपर्छ, कसरी सीप सिक्ने र बाँच्न सक्ने भन्ने हुन्छ । समस्यासँग जुधेर समाधान गर्दै अरुको हित गर्न सकिन्छ र आफू जीवन सहज बनाउन सकिन्छ भन्नेकुरा विभिन्न विज्ञ र अनुभवी गुरुहरूबाट जान्न सकिन्छ ।

आपसमा झगडा हुनसक्छ। नागरिक शिक्षा प्राप्त नागरिकले मात्र सामूहिक हितका बारेमा जानेको हुन्छ र त्यस्ता व्यक्तिले मात्र व्यक्तिको अधिकार र समूहको अधिकार अभ्यासमा योगदान दिनसक्छ । नागरिक शिक्षाको सही जानकारीले मात्र परिवार, समुदाय, समाज, गाउँ, जिल्ला, राष्ट्र र अन्तरराष्ट्रियमा समेत सकारात्मक प्रभाव पर्छ । नागरिक शिक्षाका अङ्गहरूमा मुख्यगरी निम्न तथ्यहरू पर्दछन्-

**नागरिक ज्ञान:** आफ्नो देशको भूगोल, इतिहास, संविधान, संविधानमा भएका नागरिक अधिकारहरू–आधारभूत मौलिक हकहरू–जसलाई व्यक्तिको र समूहको अधिकारको रूपमा लिइन्छ, तिनको विस्तृत जानकारी आवश्यक छ । प्रजातन्त्र, मानव अधिकार, अभिव्यक्ति स्वतन्त्रता, आर्थिक–सामाजिक, राजनीतिक तथा सांस्कृतिक अधिकारहरूका बारेमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रावधानका बारेमा ज्ञान आवश्यक छ । अधिकारका वारेमा जानकारी राख्दा नागरिकका कर्तव्यहरू पनि सँगसँगै आउँछन् । राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्बन्धका बारेमा जानकारी आवश्यक छ ।

कतिपय यस्ता विषयहरू हुन्छन्, जसलाई अन्तरराष्ट्रिय क्षेत्रमा समेत मान्यता र सम्मान गरिएको हुन्छ । जस्तो कि नेपालको बारेमा जान्नैपर्ने कुराभित्र पर्दछ– संसारको सर्वोच्च शिखर नेपालको सगरमाथा, भगवान बुद्धको जन्मस्थल

बाँकी तेस्रो पेजमा

## तपाईंको आज

**मेष**
प्रतिस्पर्धी बढ्नाले अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ। चिताएका काममा बाधा पुर्याउनेहरु प्रशस्तै हुनेछन्।

**वृष**
नयाँ काम गर्ने अवसर प्राप्त हुनेछ। फजुल खर्चका साथै ठगीमा परिने योग भएकाले होसियार रहनुहोला।

**मिथुन**
अवसरले आत्मबल बढ्नेछ र काममा सफलता प्राप्त हुनेछ। छोटो समयमा फाइदा लिन सकिनेछ।

**कर्कट**
अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। केही अप्ठ्यारो परिस्थिति सामना गर्नुपर्ला।

**सिंह**
रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ। मिहिनेतको परिणामले आत्मविश्वास बढाउनेछ।

**कन्या**
आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ। आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न सक्छन्।

**तुला**
हल्लाको भरमा अरुको विश्वास गर्दा धोका हुन सक्छ। मिहिनेतले राम्रो नतिजा हातपार्न सकिनेछ।

**वृश्चिक**
कृषि, पशुपालन तथा घरेलु कामकाजमा बढी प्रवृत्त भइनेछ। धेरै फाइदा नहुने काममा समय बित्नेछ।

**धनु**
आफ्नो प्रतिफलबाट अरुले फाइदा उठाउन सक्छन्। परिस्थितिवश अँटेको काममा विलम्ब हुनेछ।

**मकर**
सहयोगीहरूले बीचैमा हात झिक्न सक्छन्। मौका आए पनि समयमा जागरुक नबन्दा पछि परिनेछ।

**कुम्भ**
उपलब्धिका लागि दोहोर्याएर काम गर्नुपर्ला। काम पूर्ण नभए पनि मिहिनेतले आंशिक लाभ दिलाउनेछ।

**मीन**
हिलेका कमजोरीलाई सुधार्ने मौका छ। मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। मान-सम्मान प्राप्त हुनेछ।

# प्रजातन्त्रमा नागरिक शिक्षाको .......

लुम्बिनी, संसारका हिन्दूहरूका आराध्यदेव पशुपतिनाथ, माता जानकीको जन्मस्थान जनकपुर र नेपालका अन्य विश्वमा प्रख्यात विषयका सम्बन्धमा ज्ञान राख्नु आवश्यक छ। ती आफू बसेको देशका बारेमा गौरवशाली कुराहरू हुन् जसमा नागरिकले गौरव गर्नसक्छ। अरूलाई त्यसबारेमा व्याख्या गर्नसक्छ । मुलुकको शिक्षामा नागरिक शिक्षालाई एकीकृत रूपमा समाहित गर्नुपर्छ, अपरिहार्य रूपमा नागरिक शिक्षालाई नागरिक समक्ष पुऱ्याउनुपर्छ। यसले नागरिकलाई जानकारीसहित सचेत बनाउँछ र आफ्ना बारेमा, समाजका बारेमा, राष्ट्रका बारेमा सकारात्मक र समालोचनात्मक सोचाइको विकास गर्दै असल नागरिक बनाउन मद्दत गर्दछ ।

**नागरिक सीप**ः त्यसबेला मात्र नागरिक आफ्ना अधिकार र कर्तव्यप्रति सचेत हुन्छ जुनबेलामा नागरिक आफैँमा निर्णय गर्ने क्षमता राख्छ । त्यसका लागि उसले आफनो परिवेशको सम्पूर्ण जानकारी पाउनुपर्छ। आफनो परिवेशका बारेमा किन यस्तो भयो र अब के हुनुपर्छ भन्ने आलोचनात्मक सोच तयार गर्नसक्ने नागरिकले मात्र ठीकलाई ठीक र बेठीकलाई बठीक भन्न सक्छ । आफनो, समाज र देशका लागि आपसमा अन्तर्क्रिया गरेर निर्णय गर्नसक्ने सीपयुक्त नागरिकको आवश्यकता पर्छ । त्यस्तो सीप नागरिकले हासिल गर्नुपर्छ । आफनो, परिवार, समाज र राष्ट्रका बारेमा एउटा नागरिकमा आलोचनात्मक सोचाइको सीप आवश्यक पर्दछ । बाँच्नका लागि आवश्यक सीपको पनि जरूरत पर्दछ। आफनो बलबुतामा बाँच्ने सीप भनेको स्वाभिमानको पक्ष हो । प्रत्येक नागरिकमा एकअर्कासँग गर्ने व्यवहार र देशको राजनीतिक व्यवस्थाका वारेमा निर्णय लिनसक्ने क्षमता हुनुपर्छ । निर्वाचनमा कसलाई मत दिए आफ्नो देशको र समाजको हित हुन्छ भन्ने निर्णय गर्नसक्ने क्षमता पनि नागरिकको सीप हो ।

**नागरिक दायित्व**ः अधिकारसँगै कर्तव्यको पनि प्रसङ्ग स्वतः आउँछ । अधिकार भनेको नागरिक भएबापत राज्यबाट पाउने विशेष सुविधा हो । त्यस्तो सुविधा प्राप्त गर्न नागरिक कर्तव्य पूरा गरेको हुनुपर्छ । जस्तो कि कर तिर्नेले मात्र राज्यको सामाजिक सुरक्षाको सुविधा पाएको हुन्छ । बिमाको रकम तिर्नेले मात्र बिमाको सुविधा पाएको हुन्छ । पानीको, बिजुलीको, फोनको कर तिर्नेलाई मात्र ती चिजहरूको उपयोग गर्न पाउने हक हुन्छ । प्राप्त अधिकारले जुन परिणाम दिएको हुन्छ, त्यसको कार्यान्वयनमा नागरिकको कर्तव्यको सकारात्मक प्रयोगको आवश्यकता हुन्छ ।

व्यक्तिगत तथा सामूहिक जीवन पद्धतिका साथै मानव मर्यादाको सम्मान गर्ने, नागरिकका गतिविधिहरूमा अर्थपूर्ण र प्रभावकारी तरिकाले सहभागी हुने, प्रजातन्त्रको स्वस्थ विकास गर्ने, जैविक, सामाजिक, वातावरणीय, सांस्कृतिक, भाषिक तथा धार्मिक बहुलताको सम्मान गर्ने आदि दायित्व नागरिकमा रहेको हुन्छ । नागरिक शिक्षामा नागरिक दायित्व वा कर्तव्यलाई नागरिक शिक्षाको एउटा प्रमुख अङ्गको रूपमा लिइन्छ ।

**चरित्र निर्माण**: चरित्र निर्माण गर्नु नागरिक शिक्षाको प्रमुख कर्तव्य हो । असल नागरिकले मात्र प्रजातान्त्रिक व्यवस्थालाई सहज तरिकाले अभ्यास गर्नसक्छ । नागरिकलाई चरित्रवान बनाउने शिक्षा नै भएकाले चरित्र निर्माण एउटा अङ्गको रूपमा मानिन्छ । अनुशासित र सचेत नागरिकले मात्र आफनो, परिवारको, समाजको र राष्ट्रको विकास गर्नसक्छ । असल चरित्र भएको नागरिकले मात्र समाजलाई डोऱ्याउन सक्छ। त्यसैले असल चरित्र निर्माणका लागि नागरिक शिक्षाको आवश्यकता परेको हो । चरित्र निर्माणले नागरिक कर्तव्य पूरा गर्नका लागि नागरिकलाई उत्प्रेरित गर्छ । असल चरित्र भनेको सत्यप्रतिको सम्मान हो ।

आफूप्रति, परिवारप्रति, समाजप्रति र आफनो परिवेशप्रतिको सकारात्मक सोचाइ निर्माण गर्नु नै चरित्र निर्माण हो । सबै मानवप्रति समान व्यवहार गर्ने क्षमता विकास गर्नु नै चरित्र निर्माण हो। असल चरित्र बिनाको मानिस त समाजका लागि काम नलाग्ने वस्तुजस्तै हुन्छ ।

**नागरिक कर्तव्य**

एउटा नागरिकले आफू उत्पादनशील भएर राज्यलाई योगदान दिनसक्छ । नागरिक नै त हो उत्पादनशील, उद्यमशील, व्यवसायी हुने, उद्योगपति हुने, श्रमिक भएर उत्पादन गर्न सहयोग गर्ने, कलाकार हुने, साहित्यकार हुन, शिक्षक, प्राध्यापक, प्रहरी, सेना, निजामती सेवाका कर्मचारी, चिकित्सक, इन्जिनियर, सेवाप्रदायक तथा कृषक भएर सबैको सेवा गर्ने। अरूको दुःखमा दुःख नै सम्झेर सबैको सेवा गर्नु र आफूले जानेको कुरा अरूलाई सिकाएर असल नागरिकको कर्तव्य पूरा गर्न सकिन्छ। यसरी सकारात्मक सोच र सहयोगले पनि राज्यलाई योगदान पुग्नसक्छ । प्रजातान्त्रिक समाजमा प्रत्येक नागरिकले आफना कर्तव्यहरू पूरा गर्नुपर्छ ।

हामीले स्थानीय, प्रादेशिक तथा संघीय व्यवस्थापिकाका लागि आफना प्रतिनिधि निर्वाचित गर्छौं। तिनीहरूले कानुन बनाउँछन । हामीले ती कानुनहरूका बारेमा जान्नैपर्छ । ती कानुनको के असर पर्छ भन्ने जान्नैपर्छ र ती कानुनहरू मान्नुपर्छ। पदमा रहेकाहरूको कामको र उत्तरदायित्वको आधारमा आदर र सम्मान गर्नुपर्छ । सरकारलाई कर तिर्ने दिन तोकिएको छ भने त्यो बेलासम्म कर चुक्ता गर्नुपर्छ किनभने त्यही कर जम्मा भएर मुलुकको ढुकुटी बन्छ जसबाट जनताका आवश्यकताका लागि खर्च गरिन्छ। मौलिहकहरू अभ्यासका लागि आवश्यक रकम त्यहीँबाट खर्च गर्नुपर्छ किनभने सामाजिक न्यायका लागि समान व्यवहार गर्न पनि सरकारसंग आम्दानी हुनैपर्छ, त्यो आम्दानीको स्रोत भनेको भन्सार कर, आय कर, घरजग्गा कर र मालपोत नै हो ।

देशको संविधान र कानुनको बारेमा जानकारी राख्नैपर्छ किनभने मलाई कानुन थाहा छैन भनेर कानुनले छुट दिँदैन । प्रजातान्त्रिक प्रक्रिया, उदार समाज र समुदायको हितका विषयमा जानकारी राख्नुपर्छ। आफ्नो स्थानीय समुदायका काममा सहभागी हुनुपर्छ। देशको पक्षमा अडिग भएर लाग्नुपर्छ । देशद्रोह ठूलो अपराध हो, आफ्नो देशप्रेम र राष्ट्रियताप्रति सधैँ गर्व गर्नुपर्छ । एउटा देशद्रोही दुईपटक मर्छ, एकपटक देशप्रति गद्दारी गरेको दिन अनि अर्कोपटक साँच्चै काल आएको दिन । 'जननी जन्मभूमिश्चः स्वर्गदपि गरीयसी' अर्थात् जननी र जन्मभूमि स्वर्गभन्दा पनि प्यारा हुन्छन्, महत्वपूर्ण हुन्छन् र श्रद्धेय हुन्छन् । एउटा नागरिक र राज्यका बीचमा कसिएको सम्बन्ध भनेकै राष्ट्रप्रेम हो, राष्ट्रियता हो र राष्ट्रको माया हो । राष्ट्र भनेको भौगोलिक सीमा भएको विभिन्न संस्कृति, जातजाति र भाषाको संगम स्थल हो । यो सार्वभौमसत्ता सम्पन्न हुन्छ, यसमा जनताले चुनेको सरकार हुन्छ, यो आफ्नो भोगचलन गरिएको भूमिलाई आफ्नै देश भनेर आवागमन गर्न स्वतन्त्र हुन्छ र खासमा त्यहाँ जनता हुन्छन् । त्यसैले आधुनिक परिभाषामा राष्ट्र वास्तवमा भूमिसहितको जनता हो। भूमि मात्रले राष्ट्रको अर्थलाई संकुचित बनाउँछ । उपयुक्त तथ्यहरू र तर्कहरूले नागरिक शिक्षा विद्यालयदेखि विश्वविद्यालयहरूसम्म पनि एकीकृत शिक्षाको रूपमा दिनु नै राज्यको कर्तव्य हो र ती शिक्षालाई ग्रहण गरी अभ्यासमा ल्याउनु नै नागरिक कर्तव्य हो । रासस

# गौरवका आयोजना .....

सरकारले यसअघि नै संघ सरकारको वन तथा वातावरण मन्त्रालयमा प्रस्ताव पठाएको थियो। प्रदेश सरकारले पुँडीटारमा रू ५४ करोड र लोकाहाखोलामा रू ७६ करोडको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) समेत तयार पारिसकेको छ। औद्योगिक क्षेत्रलाई चाहिने जग्गा नापजाँच तथा यकिन भइसकेकाले अब जग्गा उपलब्ध गराउने सम्बन्धमा संघ सरकारको निर्णयको पखाईमा प्रदेश सरकार छ ।

जग्गाको भोगाधिकार आएपछि पुँडीटारमा चार हजार ५०० रोपनी र लोकाहाखोलामा १४१ बिगाहामा औद्यागिक क्षेत्र निर्माण हुनेछ । पुँडीटार औद्योगिक क्षेत्रले कास्कीको पोखरा–३३ र तनहुँको शुक्लागण्डकी–९ को केही भू–भागलाई समेट्छ । लोकाहाखोला औद्यागिक क्षेत्र नवलपुरको कावासोती–१ र देवचुली–१० मा स्थापना हुन लागेको हो ।

पुँडीटारमा केही अव्यवस्थित बसोबास रहेको ठाउँ रहे पनि बस्तीबाहेकको जग्गालाई मात्र समेटेर 'डिपिआर' बनाइएको मन्त्रालयले जनाएको छ । प्रदेश गौरवका आयोजना निर्माणमा ढिलाइ हुँदा प्रदेश सरकारप्रति नागरिकले पनि गुनासो गर्न थालेका छन् । रासस

# चुमभ्यालीमा १० वर्षदेखि ........

महिना दिन भयो । छेकमका छिरिङ पाल्जोर भन्ने मान्छेले आफ्नो हात भाँचिदिएको उहाँले बताउनुभयो ।

एक महिनाअघि छिरिङ पाल्जोरसँग सहयोगीका रूपमा छेकम्पारको छेके लेक पुग्नुभएको थियो सुमन। साहुहरु लेकमा कीरा (यार्सागुम्बा) टिप्न जाँदा भरियाका रूपमा आफूहरूलाई लिएर गएको सुमनले बताउनुभयो । घटनाको बेलीविस्तार लगाउँदै उहाँले भन्नुभयो, "बिहान भात, बेलुकी भात, दिनभरि भोकभोकै खटिनुपर्थ्यो। उनीहरु कीरा टिप्थे, हामी भरियाहरु सल्लाको फूल । उनीहरूको भारी बोक्ने, चौँरी हेर्ने काम गर्नुपर्थ्यो । साह्रै दुःख भयो भनेर म र अर्को भाइ गाउँ फर्कियौँ । नसोधी आइस् भनेर छिरिङ पाल्जोरले यहाँ गाउँमा आएर हात भाँच्चिने गरी पिटे ।"

बारपाकबाट काम गर्न आएका एक भरियाले ज्याला माग्दा कुटाइ पाए । ढाडमा गम्भीर चोट लागेका उनीचाहिँ सहेर बसेनन्, घर फर्किए। सुमन भने फर्कन सक्नुभएन । उहाँको लागि साहुले हातखुट्टा भाँचिदिने विषय सामान्य भइसकेको थियो । छिरिङ पाल्जोरले सुमनको हात भाँच्दै गर्दा छेकम्पार चौकीका प्रहरीहरु प्रत्यक्षदर्शी थिए। न प्रहरीले उहाँलाई न्याय दिलायो न त स्थानीयवासीले नै । सबैजना मूकदर्शक बनेर हेरिरहेको उहाँ बताउनुहुन्छ ।

**बन्दिपुर एक्लो हुनुहुन्न**

बन्दिपुरमात्र होइन, कमाइ खाने रहरले यहाँ आइपुगेका अरू रोङ्वाहरूको नियति पनि उस्तै छ। विभिन्न ठाउँबाट भोटखोलामा काम गर्न आएका उहाँहरु पनि वर्षौंदेखि गुमनाम छन् । थुप्रै सुमनहरु लेकका साहुकहाँ हली, गोठाला बसेका छन् । सुमनको दौँतरीहरु धने नेपाली र अर्बिन मगर हुनुहुन्छ। उहाँहरु पनि तल्लो भेगबाट रोजगारीका लागि छेकम्पार पुग्नुभएको हो । धनबहादुर नेपाली र अर्बिन मगर केही वर्षअघि मात्र चुमभ्याली आएका थिए । आफूहरु रोजगारीका लागि भौँतारिँदै चुमभ्याली आएको उहाँहरूले बताउनुभयो । उहाँहरु सबैको साझा समस्या हो, काम गरेको पारिश्रमिक नपाउनु। काम गरेको ज्याला नपाउने व्यथाले उहाँहरु सबैलाई पिरोलेको छ ।

हात भाँचिएपछि सुमनको उपचार अस्पतालमा भएन। उहाँको उपचार स्थानीय छेकम गुम्बाको लामाले गरिदिएका छन् । लामाले झारफुक गरेर जडीबुटी खुवाएको उहाँले बताउनुभयो । उहाँको भाँचिएको हात अझै निको भएको छैन । अहिले सुमन छेकम गाउँमा स्थानीय धवाङ्दी लामाको सानो टहरोमा बस्नुहुन्छ । दिनभर काम गरेर साँझ बिहानको छाक टार्ने उहाँ हात भाँचिएका कारण धेरै कामहरु गुमाउनुपरेको दुःखेसो सुनाउनुहुन्छ। गाउँमा काम गर्न जाँदा उतै खाना खानुहुन्छ, काम नगर्दा आफैँ बनाउनुहुन्छ। "अरू त के नै पाउँछ र यता, खाए पनि आलु नखाए पनि आलु', सुमनले हाँसो ठट्टा गर्दै भन्नुभयो । काम पाएको बेला खाएर दिनको हजार रूपैयाँ ज्यालामा काम गर्नुहुन्छ तर काम गरेपछि पनि अधिकांशले पैसा दिन आलटाल गर्छन् । उहाँ छेकम गाउँमा मात्र लाखौँ रूपैयाँ ज्याला उठाउन बाँकी रहेको बताउनुहुन्छ ।

उहाँलाई बेलाबखत आफ्नो गाउँघरको यादले पिरोल्छ । गाउँमा साथीसङ्गीसँग मगर कुरामा ठट्टा गरेको उहाँलाई हिजोझैँ लाग्छ । गाउँको याद मेटाउन उहाँ रक्सीको साहारा लिनुहुन्छ । गाउँमा उहाँका आमा हुनुहुन्छ भने दुई दाइभाइ र दुई बहिनी पनि छन्। सुमनको आफ्नो परिवारसँग अन्तिमपटक बातचित भएको पनि १० वर्ष बित्यो। भूकम्पअघि एकपटक फोनमा कुरा भएको उहाँ सम्झनुहुन्छ । दाइभाइ र बहिनीको बिहेवारी भइसकेको भए पनि उहाँको अझै बिहे भएको छैन ।

घर, परिवार र विगतलाई सम्झँदै सुमन बोल्दाबोल्दै केहीबेर भावुक बन्नुभयो । फेरि जुरूक्क उठेर हाँस्नुभयो । छेकमवासीले हरेक दिन 'ओइ बन्दिपुर' भनेर बोलाउँदा उहाँलाई आफ्नो घरको झल्को आउँछ । बन्दीपुरबाट पैसा कमाउन निस्किएका सुमन आज बन्दिपुरकै नाम बोकेर लुकेको चुमभ्यालीमा हराइरहनुभएको छ। थाहा छैन यहाँबाट कसरी उम्कने तर उहाँ आफ्नो पसिनाको मूल्य (ज्याला) पाएको भोलिपल्टै घर फर्किने योजनामा हुनुहुन्छ । रासस

## व्यक्ति एउटै भएको सूचना

गण्डकी प्रदेश, तनहुँ जिल्ला साविक फिरपिरे गा.वि.स. वडा नं. ३ हाल शुक्लागण्डकी वडा नं. १२ बस्ने भारतीय भु.पु.सै.नं. ५३४४३३२, दर्जा नायक, पल्टन २/४ जि.आर.का **खर्क बहादुर गुरूङ**को श्रीमती **हिरामाया गुरूङ**को नागरिकता प्रमाणपत्र नं. ३२५(६) मा नामथर **हिरामा गुरूङ**, जन्ममिति वि.सं. २०४४/१२/११ मा ३० वर्ष उल्लेख भएको तर श्रीमानको भारतीय पेन्सन अभिलेखमा नामथर **रून्ची गुरसेनी**, जन्ममिति ई.सं. १९६०/११/१९ उल्लेख भई नामथर र जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सुचित गरिन्छ ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com, newsbhanjyang@gmail.com

## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास नगरपालिका-२, दमौली तनहुँ

फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

**असार २० गते शनिबार**

१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ **डा. डि.बि. लामिछाने**द्वारा नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै **क) नाक सम्बन्धी समस्याहरूका लक्षणहरु :** लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । **ख) कान सम्बन्धी लक्षणहरु :** श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । **ग) घाँटी सम्बन्धी समस्याहरूका लक्षणहरु :** घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।

**हाम्रा उपलब्ध सेवाहरु :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

## बालबालिकाको खाना तथा खाजाको रूपमा पत्रु अर्थात जंकफुडको प्रयोग नगरौं । बालबालिकाको शारिरीक तथा मानसिक विकासमा सहयोग गरी स्मार्ट बनाऔं ।

**स्वास्थ्य कार्यकर्ताः** ओ हो भाउजु नमस्कार । स्कुल बस कुर्नु भएको ? अनि यति सानो बच्चालाई यति गरूङ्गो किताबको भारी बोकाएर आफु चैं छाता ओढेर बस्नु भएको छ ।

**आमाः** के गर्नु ? बानी पार्नु पर्छ नि नानी ।

**स्वास्थ्य कार्यकर्ताः** के मा बानी पार्नुहुन्छ हौ भाउजु ? बिचरा यति सानो बाबु बिहान ८ बजे कति खुवाएर पठाउनुहुन्छ ? अनि स्कुलमा खाजाको रूपमा घरमा तयार पारेको खाजा पठाउनुहुन्न, पसलका चाउचाउ, विस्कुट जस्ता पत्रु खाना र जंकफुड मात्र खुवाउनुहुन्छ, फेरी बेलुकी ६ बजे बसबाट आइपुग्छ, अनि उसैलाई होमवर्ककै चटारो, यो त बालबालकाको लागि शारिरीक तथा मानसिक यातना जस्तै भो नि हैन र ?

**आमाः** के गर्नु त नानी, नजिकका स्कुल भर्ना गर्न सकिनँ, खाजा पकाउनै भ्याइदैन ।

**स्वास्थ्य कार्यकर्ताः** आफ्नो बच्चाको स्वास्थ्यको लागि समय निकाल्नु पऱ्यो नि भाउजु, बच्चाको शारिरीक तथा मानसिक वृद्धि विकास र राम्रो पढाइ हुनको लागि पोषणयुक्त खानाको आवश्यक्ता पर्छ, पोषणयुक्त खाना खान नपाउँदा, उमेर भन्दा बढि तौल भएको किताबो भारी बोकाउँदा, बढी होमवर्क गर्नु पर्दा बच्चाको शारिरीक एवं मानसिक विकासमा नकारात्मक असर पुऱ्याउँछ ।

**आमाः** ए तेसो पो हो नानी ? ल अर्को वर्षदेखि चैं नजिकको स्कुलमा जसरी नि पठाउँछौं, अनि घरमै बनाएको खाना र खाजा खुवाउँछौं । ल है नानी स्कुल बस आयो । धन्यवाद है नानी ।

**व्यास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमौली तनहुँ । गण्डकी प्रदेश

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९





**स्वास्थ्य चौकी भवन उद्घाटन :** तनहुँको व्यास नगरपालिका-९, चैण्डाँडास्थित सतिस्वाँरा स्वास्थ्य चौकीको नवनिर्मित भवन बुधबार एक कार्यक्रमका बीच उद्घाटन गर्दै नगरप्रमुख बैकुण्ठ न्यौपाने । *तस्विर : भञ्ज्याङ*

# जलवायु उत्थानशीलता अभिवृद्धि गर्न नेपाललाई ८.५ मिलियन अमेरिकी डलर अनुदान

**रासस**/काठमाडौं

हरित जलवायु कोष(जिसिएफ) बोर्डको ४५औँ बैठकले नेपालमा जलवायु उत्थानशीलताका लागि ८.५ मिलियन अमेरिकी डलर अनुदानको वित्तीय प्रस्ताव स्वीकृत गरेको छ । बोर्डले 'कर्णाली प्रदेशमा जीविकोपार्जनका अवसर तथा स्थानीय क्षमता अभिवृद्धिमार्फत वनमा निर्भर समुदायको जलवायु उत्थानशीलता निर्माण' शीर्षकको उक्त वित्तीय प्रस्ताव बुधबार स्वीकृत गरेको हो ।

यसले नेपालको जलवायु वित्त यात्रामा अर्को महत्त्वपूर्ण उपलब्धि थपेको छ। यो परियोजना राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी)ले जिसिएफको प्रत्यक्ष पहुँच प्राप्त निकायका रूपमा सरलीकृत स्वीकृति प्रक्रियाअन्तर्गत विकास गरेको हो। कूल ९.२ मिलियन अमेरिकी डलर लगानी रहेको यस चार वर्षे पहलमा जिसिएफबाट ८.५ मिलियन अमेरिकी डलर अनुदान समावेश छ । यस परियोजनाले नेपालको जलवायु परिवर्तनप्रति सबैभन्दा संवेदनशील प्रदेशहरूमध्ये एक कर्णाली प्रदेशमा पारिस्थितिकीय प्रणालीको सहनशीलता, जलवायु-सहनशील जीविकोपार्जन तथा संस्थागत क्षमता सुदृढ गर्नेछ ।

नाजुक पर्वतीय पारिस्थितिकीय प्रणाली, कठिन भूगोल, उच्च गरिबी दर तथा पहिरो, बाढी र लामो खडेरीजस्ता जलवायुजन्य विपद्हरूप्रतिको बढ्दो जोखिमले कर्णाली प्रदेश मुलुकमा जलवायु परिवर्तनका प्रभावप्रति सबैभन्दा संवेदनशील क्षेत्रहरूमध्ये एक हो । यस परियोजनाले नेपालको राष्ट्रिय अनुकूलन योजना (२०२१-२०५०), राष्ट्रिय निर्धारित योगदान (एनडिसी ३.०) तथा अन्य राष्ट्रिय जलवायु प्राथमिकताहरूको कार्यान्वयनमा प्रत्यक्ष योगदान पुऱ्याउने विश्वास गरिएको छ । साथै जलवायु नीतिहरूलाई स्थानीय तहमा ठोस कार्यमा रूपान्तरण गर्नेछ ।

पारिस्थितिकीय पुनःस्थापना, प्रकृतिमा आधारित समाधान, जलवायु-सहनशील जीविकोपार्जनका अवसर, समुदायमा आधारित पूर्वसूचना प्रणाली तथा स्थानीय संस्थाको सुदृढीकरणमार्फत यस परियोजनाबाट एक लाखभन्दा बढी मानिसले प्रत्यक्ष लाभ प्राप्त गर्ने विश्वास छ। साथै कर्णाली प्रदेशभर चार लाखभन्दा बढी मानिसको जलवायु उत्थानशीलता अप्रत्यक्ष रूपमा अभिवृद्धि हुनेछ । विशेषगरी महिला, आदिवासी जनजाति, दलित तथा अन्य सीमान्तकृत र जलवायु-संवेदनशील समुदायहरूको अर्थपूर्ण सहभागिता तथा समान लाभ सुनिश्चित गर्न विशेष जोड दिइएको छ ।

यो परियोजना राष्ट्रिय, प्रादेशिक तथा स्थानीय संस्थाहरूबीचको साझेदारीमार्फत कार्यान्वयन गरिनेछ। जिसिएफको मान्यताप्राप्त निकायका रुपमा रहेको एनटिएनसीले सहकार्यान्वयन निकायको भूमिका निर्वाह गर्नेछ ।

नेपाल सरकारको तर्फबाट थप दुई सहकार्यान्वयन निकाय रहनेछन्। त्यसमध्ये अर्थ मन्त्रालयले जिसिएफ स्रोतहरूको प्रवाह तथा व्यवस्थापनलाई सहजीकरण गर्नेछ। त्यस्तै कर्णाली प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्रदेशस्तरीय हस्तक्षेपको कार्यान्वयनको नेतृत्व गर्दै सहभागी स्थानीय सरकारहरूसँग परियोजना गतिविधिको समन्वय गर्नेछ ।

यो कार्यान्वयन व्यवस्था संघीय शासन संरचनाअनुरूप तयार गरिएको र सरकारका सबै तहबीच सुदृढ समन्वय सुनिश्चित गर्ने उद्देश्य लिइएको छ । बोर्डको स्वीकृतिप्रति प्रतिक्रिया जनाउँदै कृषि, वन तथा पर्यावरणमन्त्री तथा एनटिएनसीका अध्यक्ष गिता चौधरीले सो निर्णयलाई नेपालको जलवायु सहनशीलता मुद्दाका लागि महत्त्वपूर्ण उपलब्धि भएको बताउनुभयो ।

"यो स्वीकृतिले राष्ट्रिय जलवायु नीतिलाई व्यवहारिक कार्यमा रूपान्तरण गरी सबैभन्दा जलवायु-संवेदनशील समुदायसम्म पुऱ्याउने नेपालको निरन्तर प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ", उहाँले भन्नुभयो, "यस लगानीमार्फत हामी सहनशील पारिस्थितिकीय प्रणालीलाई सुदृढ गर्दै, दिगो जीविकोपार्जनमा सुधार ल्याउँदै र कसैलाई पनि पछाडि नछोड्ने सुनिश्चिततासहित पेरिस सम्झौताअन्तर्गत नेपालका प्रतिबद्धतालाई अगाडि बढाइरहेका छौँ ।"

स्वीकृतिप्रति एनटिएनसीलाई बधाई दिँदै अर्थ मन्त्रालयअन्तर्गत अन्तरराष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखाका प्रमुख तथा जिसिएफका लागि राष्ट्रिय नामित प्राधिकरण (एनडिए) फोकल प्वाइन्ट धनीराम शर्माले यस स्वीकृतिले अन्तरराष्ट्रिय जलवायु वित्त पहुँच र व्यवस्थापनमा नेपालको बढ्दो संस्थागत क्षमतालाई प्रमाणित गरेको बताउनुभयो । एनटिएनसीका सदस्य-सचिव डा चिरञ्जीवीप्रसाद पोखरेलले सरकारी निकाय तथा समुदायसँग सहकार्य गर्दै प्रकृतिमा आधारित दीर्घकालीन जलवायु उत्थानशीलता प्रदान गर्न तथा अन्तरराष्ट्रिय जलवायु वित्तमा काम गर्न उत्साहित रहेको बताउनुभयो।

परियोजनाअन्तर्गत जाजरकोट, जुम्ला, डोल्पा र दैलेख जिल्लाभरका प्रदेश सरकार, ३१ स्थानीय सरकार, सामुदायिक वन उपभोक्ता समूह, महिला समूह, आदिवासी जनजाति, प्राविधिक विज्ञ तथा अन्य सरोकारवालासँग परामर्श र प्रमाणमा आधारित प्रक्रियामार्फत तयार गरिएको हो।

एनटिएनसीका जलवायु परिवर्तन विभाग प्रमुख तथा जिसिएफका प्राथमिक फोकल प्वाइन्ट डा मनिषराज पाण्डे र जिसिएफका द्वितीय फोकल प्वाइन्ट लीना चालिसेको सहयोगमा परियोजना प्रस्ताव विकास गरिएको थियो ।

## Bishnu Rijal
x.com/bishnurijal1



सरकारले त्रिभुवन विश्वविद्यालय सेवा आयोगको अध्यक्षमा पूर्वसचिव किशोर थापालाई नियुक्त गरेछ । व्यक्तिगत रूपमा र क्षमताका हकमा इन्जिनियर थापामाथि कुनै शंका छैन । तर, पूर्वप्रशासक र ३२ बर्ष निजामती सेवामा रहेर अवकाशप्राप्त गरी निर्वाचन लडेको व्यक्तिलाई प्राज्ञिक नेतृत्वमा ल्याउनु कत्तिको उचित होला ? विश्वविद्यालयका प्राध्यापक नियुक्त गर्ने निकायमा प्रशासनिक नेतृत्व अलि मिले जस्तो लागेन । त्रिभुवन विश्वविद्यालयमा अवकाशप्राप्त र कार्यरत कुनै पनि प्राध्यापक सेवा आयोगका अध्यक्ष बन्न उपयुक्त नदेखिनु बिडम्बनापूर्ण छ ।
योग्य व्यक्तिलाई योग्यता अनुसारको ठाउँ उपयुक्त हुन्छ ।
यस्तै नियुक्तिलाई भन्छन्- The right person in the wrong place !

## Binod Neupane
x.com/Neupane1Binod



तालिम कै कुरा गर्ने हो भने, आधा जनसंख्याले बिभिन्न तालिम पाई सकेको लाग्छ नेपालमा। NGO, INGO र सरकारले दिएका तालिम गन्ने हो भने। आउट पुट, परिणाम, प्रभाव, प्रभावकारिता आदि खोई? माखो मरेको भएँ मरी जाउ। यो मासु भात र भत्ता खाने र प्रगति देखाउँन हुँदो रहेछ।

## Badri Binod Khanal
x.com/badribinod



पृथ्वीको तापक्रम एक्कासी वढेको छ युरोपतिर सडक पग्लन थालेका छन, अफ्रिका अस्ट्रेलीय, अमेरिका र एशियाली देशहरूमा तातो बढिरहेको छ। मध्य एशिया त नामचलेकै हो। मायालु तापक्रम भएको नेपाल समेत तात्न थालेको छ। सतर्क रहू शुद्ध पानी छिन छिनमा पिउ तातो हावाबाट बचौ।

# जनज्योति क्याम्पसमा स्नातकोत्तर तह सञ्चालनको सम्भावना अध्ययन

**भञ्ज्याङ समाचारदाता**/भिमाद

तनहुँको भिमादस्थित जनज्योति क्याम्पसमा स्नातकोत्तर तह सञ्चालन गर्ने तयारीस्वरूप सम्भाव्यता अध्ययन गरिएको छ । त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकाय डीनको कार्यालयका विज्ञ टोलीले क्याम्पसको शैक्षिक, भौतिक, प्रशासनिक तथा संस्थागत अवस्थाको अध्ययन गर्दै स्नातकोत्तर कार्यक्रम सञ्चालनका सम्भावनाबारे स्थलगत अवलोकन गरेको हो ।

अध्ययन टोलीमा व्यवस्थापन संकाय डीनको कार्यालयका प्रा.डा. ध्रुवलाल पाण्डे, डा. रोमाकान्त पाण्डे र डा. देवीलाल शर्मा सहभागी थिए । कार्यक्रममा जनज्योति क्याम्पस सञ्चालक समितिका अध्यक्ष जितप्रकाश आले, उपाध्यक्ष उमाकान्त श्रेष्ठ, सञ्चालक समितिका पदाधिकारी, क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, विभागीय प्रमुख, प्राध्यापक, कर्मचारी तथा अन्य सरोकारवालाको सहभागिता रहेको थियो ।

कार्यक्रममा क्याम्पसको स्थापना यतादेखिको संस्थागत विकास, शैक्षिक विस्तार, विद्यार्थी भर्ना, परीक्षा प्रणाली, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्यूएए), सूचना प्रविधिको प्रयोग, पुस्तकालय सेवा, वित्तीय व्यवस्थापन, प्रशासनिक प्रणाली, मानव संसाधन विकास तथा स्नातकोत्तर तह सञ्चालनका लागि गरिएका तयारीबारे विस्तृत प्रस्तुतीकरण गरिएको थियो ।

उक्त अध्ययन टोलीले कक्षा कोठा, पुस्तकालय, सूचना प्रविधि प्रयोगशाला, प्रशासनिक कार्यालय, अभिलेख व्यवस्थापन प्रणाली, विद्यार्थी सेवा केन्द्रलगायतका पूर्वाधारको अवलोकन गरेको थियो। अवलोकनका क्रममा सीमित स्रोत-साधनका बाबजुद क्याम्पसले शैक्षिक गुणस्तर अभिवृद्धि, पारदर्शी प्रशासन र समुदायसँगको सहकार्यमा उल्लेखनीय प्रगति गरेको भन्दै विज्ञहरूले सकारात्मक प्रतिक्रिया दिएका थिए ।

अन्तरक्रियाका क्रममा स्नातकोत्तर तह प्रभावकारी रूपमा सञ्चालन गर्न पूर्णकालीन प्राध्यापकको संख्या वृद्धि, मानव संसाधन व्यवस्थापन सुदृढीकरण, अनुसन्धान तथा प्रकाशन संस्कृतिको विकास, सूचना प्रविधिमा आधारित शिक्षण प्रणालीको विस्तार तथा गुणस्तर सुनिश्चितताका मापदण्डको निरन्तर कार्यान्वयनमा जोड दिइएको थियो ।

विज्ञ टोलीले आवश्यक सुधारका कार्यक्रम योजनाबद्ध रूपमा कार्यान्वयन गर्न सके जनज्योति क्याम्पसमा स्नातकोत्तर तह सञ्चालनका लागि पर्याप्त आधार रहेको निष्कर्षसमेत दिएको छ ।

क्याम्पसमा स्नातकोत्तर तह सञ्चालन हुन सके भिमाद तथा आसपासका पालिकाका विद्यार्थीले आफ्नै क्षेत्रमा उच्च शिक्षा अध्ययन गर्ने अवसर पाउने, शैक्षिक पहुँच विस्तार हुने, अनुसन्धान र नवप्रवर्तनलाई प्रोत्साहन मिल्ने तथा भिमाद उच्च शिक्षाको महत्वपूर्ण केन्द्रका रूपमा स्थापित हुने अपेक्षा गरिएको छ ।




भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४